खैरहनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल

KHAIRAHANI MUNICIPALITY
Office of the Municipal Executive
Khairahani, Chitwan, Bagmati Province, Nepal

प.सं. :
च.नं. :

जमिन भाडामा लिई खेती गर्ने भूमिहीन / विपन्न किसानलाई अनुदान दिने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०७/१०)

कृषि योग्य जमिन भाडामा लिई खेती गरि रहेका/गर्न ईच्छुक खैरहनी नगरपालिका भूमिहीन/विपन्न कृषकले **कृषि योग्य जमिन नभएका कृषि पेशा गर्न चाहने कृषकहरुका लागि जग्गा भाडामा अनुदान कार्यक्रममा** सहभागिताको लागि सूचना प्रकाशित मितिले २१ दिन भित्र तपसिलका कागजात सहित खैरहनी नगरपालिकाको कृषि शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

कार्यक्रमको नाम	कुल बजेट	आवेदक	कैफियत
कृषि योग्य जमिन भाडामा लिई खेती गर्ने भूमिहीन/विपन्न किसानलाई जग्गा भाडामा अनुदान	दश लाख रुपैया	भूमिहीन/विपन्न कृषक	कृषि योग्य जमिन भाडामा लिई खेती गर्ने भूमिहीन/विपन्न किसानलाई अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

निवेदन साथ संलग्न हुनुपर्ने कागजात :

१. निवेदन (कार्यविधिको अनुसूचि-३ को ढाँचामा),
२. जमिन भाडामा लिई खेती कार्यक्रम संचालन सम्बन्धि प्रस्ताव (कार्यविधिको अनुसूचि-४ को ढाँचामा),
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,
४. चालु आ.व. २०८३/८४ को सम्पत्ती कर (मालपोत) तिरेको रसिदको प्रतिलिपी,
५. प्रतिबद्धता पत्र,
६. सम्बन्धित वडा कार्यालयको सिफारीस पत्र,

कार्यविधि हेर्न / डाउनलोड गर्न QR कोड स्क्यान गर्नुहोस्

सुशीला अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नोट : कार्यविधि अनुसार "विपन्न किसान" भन्नाले परिवारको स्वामित्वमा २ कठ्ठा भन्दा कम जमिन भएको, बढीमा ५ कठ्ठा जमिनमा करार खेती गरेको र परिवारको कुनै पनि सदस्यको स्थाई रोजगारी नभएको व्यक्ति वा कृषकलाई सम्झनु पर्छ

पुनश्च आवेदन दिने अन्तिम दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने पहिलो दिनलाई नै आवेदन दिने अन्तिम दिन मानिनेछ ।